## कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६

**प्रस्तावना:** नेपालमा कोरोना (कोभिड-१९) भाइरस संक्रमणको महामारीको कारण विशेष परिस्थिति सृजना भई मुलुक लकडाउनको अवस्थामा पुगेको हुँदा समग्र कृषि क्षेत्र गम्भिर रुपले प्रभावित भएको र कृषि क्षेत्रलाई संरक्षण गर्दै कृषकहरुलाई कृषि क्षेत्रमा स्थापित गरीरहन राहत तथा पुन: स्थापना कार्यक्रम संचालन गर्न वान्छनिय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. २ को सरकारले यो निर्देशिका वनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "कोरोना भाइरसको नियन्त्रण गर्न लकडाउनका कारण कृषकमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत तथा अनुदान प्रवाह निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका प्रदेश सरकारबाट स्वीकृत भएको मितीबाट लागु हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

(क) "अनुदान" भन्नाले कृषि ऋणको ब्याजमा दिइने नगद तथा कृषि उत्पादन तथा कृषि व्यवसाय पुर्नस्थापनाका लागी दिइने नगद/वस्तुगत सहुलियत सम्झनुपर्दछ ।

(ख) "कृषि" शब्दले बाली, बागवानी, पशुपन्छी, माछा, आदि कृषिका सबै उप-क्षेत्रसंग सम्बद्ध उत्पादन, साना उद्योग एवम व्यवसाय समेत सम्झनुपर्दछ ।

(ग) "निर्देशिका" भन्नाले कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्न लकडाउनका कारण कृषकहरुमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने राहत निर्देशिका, २०७६ सम्झनुपर्दछ ।

(घ) "फार्म" भन्नाले निजि, साझेदारी एवम् सहकारीबाट संचालित कृषि व्यवसाय सम्झनुपर्दछ।

(ङ) "ब्याज अनुदान" भन्नाले कृषक/फर्मले कृषि प्रयोजन (कृषि उत्पादन तथा प्रारम्भिक प्रशोधन) को लागि विभिन्न बैंक वा सहकारी संस्थावाट प्रवाह भएको ऋणमा तोकिएको अवधिको लागि प्रदेश सरकारबाट विनियोजित/स्वीकृत बजेट अनुसारको प्रदान गरीने बैंक/ सहकारी संस्थाको ब्याजमा दिईने अनुदान सम्झनुपर्दछ।

(च) "बैङ्क" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको वाणिज्य/विकास/सहकारी बैङ्क लगायतका कृषि कार्यमा ऋण प्रबाह गर्ने सहकारी एवम् लघुवित्त संस्था समेत सम्झनुपर्दछ ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २, जनकपुरधाम, धनुषा

(छ) "मन्त्रालय" भन्नाले प्रदेश नं.२ सरकारको भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्दछ ।

(ज) "राहत" भन्नाले लकडाउनका कारण कृषि उत्पादन व्यवसायमा हुन गएको क्षतिको आधारमा तोकिए बमोजिम उपलब्ध गराइने आर्थीक सहायता सम्झनुपर्दछ

(झ) "लक्षित वर्ग" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका नेपाली कृषि उत्पादन, प्रशोधन तथा बजारीकरणसंग आवद्ध कृषक, कृषि उद्यमी, कृषि फार्म सम्झनुपर्दछ ।

(ञ) "सहकारी" भन्नाले सहकारी ऐन अन्तर्गत दर्ता भएका संस्थालाई सम्झनुपर्दछ ।

(ट) "ज्ञान केन्द्र/बिज्ञ केन्द्र" भन्नाले क्रमशः कृषि ज्ञान केन्द्र/भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्र सम्झनुपर्दछ ।

## परिच्छेद- २

## राहत तथा व्याजमा अनुदान कार्यक्रम

३. **लक्षित वर्गका लागी राहत कार्यक्रमः** (१) तत्कालका लागी चालु आ.व.मा कोरोना भाइरस महामारी संक्रमणको कारण उत्पन्न भएको बिशेष परिस्थितिले गर्दा गरिएको लकडाउनले कृषि क्षेत्रमा पारेको प्रतिकुल प्रभावबाट कृषकहरुलाई संरक्षण गर्न राहत र पुनःस्थापनाका लागि अनुदान प्रदान गरीनेछ।

(२) व्यवसायिक रुपमा गरीएको खेतीमा भएको क्षतिको हकमा स्थानिय तहको सिफारिस तथा प्रहरी कार्यालयको मुचुल्का तथा क्षति सम्बन्धमा प्राविधिक प्रतिवेदनको आधारमा, संख्या उल्लेख हुने कृषिवस्तुको हकमा संख्याको आधारमा तथा अन्यको हकमा क्षतिको आंकलनका आधारमा राहत प्रदान गरिनेछ ।

(३) मौसमि तरकारी, पुष्प लगायत यस निर्देशिकामा उल्लेख नभएको वालीको हकमा क्षतिको विवरण प्रमाणित भई आएमा क्षतीको बिस प्रतिशत वा रु बाइस हजार पाँच सय (जुन कम हुन्छ) प्रदान गरिनेछ ।

(४) सम्बन्धित निकायबाट दर्ता भई ब्रोइलर कुखुरा/हांस पालन गर्ने फार्मको हकमा २०७६ माघ १५ पछि चल्ला खरिद गरी सो अवधिमा संचालनमा आएका/भइरहेका वा लकडाउन समाप्त भएको मितिमा कुखुराको उमेर ४५ दिन पुरा भएको फार्मलाई मात्र राहत दिईनेछ ।

(५) लकडाउन अवधि खेती गरी सोही अवधिमा क्षती पुगेका तरकारी, पुष्प लगायत अन्य व्यवसायी कृषक समेतलाई राहत/अनुदान सुविधा उपलब्ध गराउन सकिनेछ ।

(६) सामुहिक रुपमा क्षति भएको हकमा क्षति भएको ठाँउमा आगामी सिजनमा मुख्य वाली/खेती/वस्तुको लागी लक्षित गरी ज्ञान केन्द्र/बिज्ञ केन्द्र मार्फत पाउने गरी कृषि/वस्तुको उत्पादन सामग्री सिंचाई तथा वाली कटानी लगायतमा अनुदान दिन सकिनेछ ।

(७) कसैलाई पनि राहत तथा अनुदानको हकमा दोहोरो सुविधा प्राप्त हुने छैन ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २, जनकपुरधाम, धनुषा

४. **कृषि ऋण ब्याजमा अनुदान कार्यक्रमः** (१) कृषक/फार्मलाई कुनै बैंकबाट कृषि प्रयोजनको लागि प्रवाह भएका/गरीने ऋणको ब्याजमा प्रदेश सरकारबाट दिइने अनुदानमा यो सुविधा प्रयोग गरिनेछ ।

(२) प्रदेशका प्रत्येक जिल्लाको साना किसान/फर्महरुले कृषि प्रयोजनका लागी सहकारी/विकास बैंक/वाणिज्य बैंक/लघुवित्त संस्था मार्फत लिएका ऋणको हकमा सम्बन्धित बैंक/संस्था को ०७६ चैत्र महिना देखी ०७७ आषाढ मसान्त सम्मको दफा ८ को उपदफा (१) बमोजिम ब्याजमा अनुदान दिइनेछ।

(३) कृषि कार्यमा संलग्न भई जिविकोपार्जन गर्दै आएका, कृषि कार्यमा प्रयोग भएको, स्थानिय तहको सिफारीस र सम्बन्धित बैंक मार्फत प्रमाणिकरण पश्चात उक्त कृषकहरुलाई ब्याज अनुदान उपलब्ध गराईने छ ।

(४) यस प्रकारका ब्याज अनुदान प्राप्त ऋणीहरुलाई दोहोरो सुविधा प्राप्त हुने छैन ।

(५) प्रदेश भित्रका साना किसानहरुलाई मलखाद, बीउबिजन, भुरा, चल्ला, उत्पादन सामग्री, सिँचाई लगायतका प्रमुख उत्पादन सामाग्री खर्च जुटाउन तथा उन्नत कृषि उत्पादन प्रविधि प्रयोग गरेका ऋणीहरुलाई मन्त्रालयले ब्याज अनुदान वापतको रकम बैंक मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने छ ।

५. **कार्यक्रम संचालन प्रक्रियाः** (१) जिल्लास्तरमा देहाय बमोजिमको राहत तथा ब्याज अनुदान कार्यक्रम समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | प्रमुख, जिल्ला समन्वय समिति | संयोजक |
| ख) | सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| ग) | प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| घ) | प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र | सदस्य |
| ङ) | प्रतिनिधि, जिल्ला सहकारी संघ/संस्था | सदस्य |
| च) | मन्त्रालयले तोकेको सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशुसेवा बिज्ञ केन्द्रका प्रमुख | सदस्य-सचिव |

(२) माथि उल्लेखित समितिको (दफा ५ को उपदफा १ को घ)मा सदस्य-सचिव तोकिएको केन्द्र भन्दा फरक केन्द्रको सदस्य हुनेछ ।

(३) समितीले नजिकको बैंक वा बित्तीय संस्थाबाट अधिकृत प्रतिनिधि वा विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(४) दफा ५ उपदफा १ बमोजिम गठित समितीको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

(क) जिल्लामा उपलब्ध बजेटबाट राहत तथा अनुदान कार्यक्रम निर्धारण गरी सोको कार्यान्वयन सम्बन्धि निर्णय गर्ने ।



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. २, जनकपुरधाम

(ख) जिल्लाभित्र राहत प्रदान गर्नुपर्ने लक्षित समुह पहिचान, प्राथमिकीकरण गर्न तथा निर्धारण गर्न कार्यालयलाई निर्देशन दिने ।

(ग) राहत कार्यक्रमको निर्णय गर्ने एवम् सो को कार्यान्वयन सहजीकरण तथा अनुगमन गर्ने ।

(घ) सन्चालित राहत कार्यक्रमको अनुगमन, निरिक्षण गर्ने तथा कार्यालयलाई रिपोर्टींग लगायत कार्यमा आवश्यक सहजीकरण गर्ने एवं आवश्यकता अनुसार निर्देशन दिने ।

(ङ) राहत तथा व्याज अनुदान वितरण क्षेत्र, विषय तथा लाभान्वित समुह/वर्ग निर्धारण गर्ने ।

(च) राहत बितरण सम्बन्धमा देखिएका समस्या तथा सो सम्बन्धमा देखिएका विवाद निरुपण गर्ने ।

(५) राहतका लागि लक्षित व्यक्ति/फार्मको हकमा प्राविधिकको स्पष्ट प्रतिवेदन, स्थानिय तहको सिफारीस, प्रहरी मुचुल्का/प्रतिवेदन, नागरीकता प्रमाणपत्रको प्रतिलिपि, वीमा गरेको हकमा सोको प्रमाणित प्रतिलिपि लगायत माग गरे बमोजिम आवश्यक ठानिएका अन्य प्रमाण/कागजात पेश गर्नु पर्नेछ ।

(६) ब्याज अनुदानको लागि ऋण रकमको यथार्थ स्थिति वारे मन्त्रालयले तोकेको ढांचामा सम्बन्धित बैंक/सहकारी संस्थाको विवरण तथा सम्वन्धित वडाको सिफारिस पत्र प्राप्त भए पछि मात्र ब्याज अनुदान उपलब्ध गराइनेछ।

(७) राहत तथा ब्याज अनुदान सम्बन्धित ज्ञान केन्द्र/बिज्ञ केन्द्रबाटै बैंक खाता तथा ब्याज अनुदान ऋणखाता मार्फत प्रदान गरिनेछ।

(८) चालु र गत आ.व. मा रु. चार लाख पचहत्तर हजार वा सो भन्दा बढी नगद वा वस्तुगत अनुदान लिएका व्यक्तिगत/व्यवसायिक फार्म तथा रु. दशलाख भन्दा बढी अनुदान लिएका सहकारी संस्थालाई यस कार्यक्रम अन्तर्गतको सुविधा उपलब्ध हुने छैन ।

(९) राहत तथा ब्याज अनुदान उपलब्ध गराउदा आवेदक मध्येका जग्गा स्वामित्व (कम), व्यावसायको किसिम (पशुपन्छी पालन, तरकारी/पुष्प/फलफूल खेति), ऋणको परिमाण (साना ऋणी) को आधारमा साना कृषक /फार्मलाई प्राथमिकता दिई सोहि अनुसार प्राप्त आवेदनहरुको क्रम निर्धारण गरी दिइनेछ ।

## परिच्छेद-३

## राहत तथा अनुदानका सिमा

६. **वजेट व्यवस्थापनः** (१) प्रत्येक जिल्लामा कृषि, पशुपन्छी तथा मत्स्य विकास तर्फ राहत तथा व्याज अनुदान कार्यक्रमको लागी रकम उपलब्ध गराइनेछ ।

(२) जिल्लाले उपलब्ध रकमबाट राहत कार्यक्रमको लागि अधिकतम ३० (तीस) प्रतिशत रकम छुटयाउन सक्नेछ। राहत वा व्याज अनुदान कार्यक्रमको लागि छुटयाईएको रकम सोही



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम

कार्यमा खर्च हुन नसक्ने अवस्थामा समितीको सिफारीसमा मन्त्रालयबाट सहमती लिई ती मध्येका अर्को कार्यक्रममा खर्च गर्न सकिने छ ।

(३) राहतको लागि नेपाल सरकार वा अन्य श्रोतवाट प्राप्त हुने रकम यसै कार्यविधि अनुसार वितरण हुनेछ ।

७. **राहतको सिमाः** (१) ब्रोईलर कुखुरा/हांस फर्मका लागी क्षतिको विवरण प्रमाणित भई आएको हकमा एक हजार वटा कुखुरा/हाँस सम्मको क्षतिमा रु. एक सय प्रति गोटाका दरले र सो भन्दा वढि जतिसुकै ठुलो फर्म भए पनि तिन हजार वटा सम्म कुखुरा/हांस सम्मको अतिरिक्त क्षतिको लागि रु. पचास प्रति गोटाका दरले राहत दिईने छ ।

(२) क्षतिको विवरण प्रमाणित भई प्राप्त नभएको हकमा चालु आ.व. भित्रै चल्ला खरिदका लागी एक हजार वटा सम्मको नयाँ स्टक राख्न प्रति चल्ला रु एक सय को दरले र सो भन्दा वढि जतिसुकै ठुलो फर्म भए पनि चार हजार वटा सम्म कुखुरा/हांस पाल्ने फार्मको हिसाबले अतिरिक्त चल्लाको लागि रु. पचास प्रति गोटाका दरले पुनः व्यवसाय सञ्चालनका लागी प्रतिफलमा आधारीत भई अनुदान दिईने छ। यसरी चल्ला खरिद गर्न लकडाउन अवधिमा कुखुरा व्यवसाय निरन्तरता दिएका तथा नेपालको सरकारी तथा रजिष्टर्ड निजी हयाचरीबाट चल्ला खरिद गरेकालाई मात्र रकम उपलब्ध गराइनेछ। चल्ला खरिदको प्रमाण पेश भएपछि दाना तथा औषधी लगायतका सामाग्रीको छुट्टै वील पेश गर्नु पर्ने छैन ।

(३) एक हजार वोटा सम्म लेयर्स कुखुरा तथा हाँस पाल्ने फार्मको लागि दाना तथा अन्य व्यवस्थापन खर्च स्वरुप रु. पच्चीस प्रति गोटाका दरले राहत दिईने छ ।

(४) कुखुरा/हांस चल्ला उत्पादन गर्ने श्रोतकेन्द्रका हकमा क्षतिको विवरण प्रमाणित भई आएमा एक लटमा तिस हजारवटा सम्म चल्ला उत्पादन गर्नेलाई रु तीन लाख तथा सो भन्दा बढी उत्पादन गर्नेलाइ एकमुष्ट रु चार लाख पचास हजार सम्म दाना औषधि लगायतको लागी अनुदान उपलब्ध गराइनेछ ।

(५) दुध उत्पादन गर्ने कृषकहरुलाई लकडाउन अवधिमा सँकलन हुन नसकेको दुधको परिमाणको आधारमा प्रति लिटर रु दश का दरले अनुदान उपलब्ध गराउने । यसो गर्दा दूध सँकलन गर्ने केन्द्र वा सहकारीले फाल्गुन महिनामा गरेको औषत कारोवारको परिमाण र लकडाउन अवधिमा गरेको कारोवार बीचको फरक परिमाणको आधारमा दिने । आधिकारीक रेकर्ड उपलब्ध हुन नसक्ने अवस्थामा यस्तो सुविधा उपलब्ध हुने छैन ।

(६) मौसमी तरकारी, पुष्प लगायत यसमा उल्लेख नभएको वालीको हकमा क्षतिको विवरण प्रमाणित भई आएमा आगामी सिजनको लागि उत्पादन सामग्रिका लागि कार्ययोजनाका आधारमा तिस कठ्ठा सम्म प्रति कठ्ठा रु. सात सय पचास को दरले अनुदान सहयोग दिइनेछ ।

८. **व्याज अनुदान सिमाः** (१) कृषि प्रयोजनका लागी लिएका ऋणमा ०७६ चैत्र देखि ०७७ असार मसान्त सम्मका चार महिनाको ब्याजमा देहाय बमोजिम प्रदेश सरकारले अनुदान दिनेछ ।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

| क सं | कुल ऋण रकम | व्याज अनुदान | कैफियत |
|---|---|---|---|
| १. | रु. ५ लाख सम्म | अधिक्तम १२ प्रतिशत ब्याजदर भएको हकमा शत प्रतिशत | १२ प्रतिशत भन्दा बढीको ब्याज ऋणी स्वयंले व्यहोर्ने |
| २. | रु. ५ लाख भन्दा माथि रु. १५ लाख सम्म | ब्याजदरको ५० प्रतिशत वा ६ प्रतिशत सम्म (जुन कम हुन्छ) | |
| ३. | रु. १५ लाख भन्दा माथि रु. ३० लाख सम्म | ब्याजदरको ४० प्रतिशत वा व्याजदर ५ प्रतिशतले हुन आउने रकम (जुन कम हुन्छ) | |
| ४. | रु. ३० लाख भन्दा माथि | मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषदले निर्धारण गरे बमोजिम | मन्त्रालयले यथार्थ विवरण आंकलन गरी वढिमा ५ प्रतिशत सम्म व्याज अनुदानको लागि सिफारिस गर्न सक्ने छ । |

९. **ढुवानी अनुदान सिमाः** लकडाउनको अवधिमा चांडैनै नाशहुने खालका ताजा तरकारी र दुध कृषकको खेतवारी/उत्पादन स्थल/संकलन केन्द्रवाट नजिकको वजारसम्म पुर्‍याउने सवारी साधनको लागि ढुवानी सुविधा सम्वन्धमा मन्त्रालयस्तरबाट मिती २०७६/१२/१९ भएको निर्णय बमोजिम सम्पन्न कार्यको लागी तोकिए वमोजिमको रकम समेत यसै कार्यक्रमवाट उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ४
## विविध

**१०. अनुगमन तथा मुल्यांकन व्यवस्थाः (१) कार्यक्रमको समग्र व्यवस्थापन गर्न देहाय बमोजिमको.,उच्चस्तरीय समिति रहनेछ ।**

| | | |
|---|---|---|
| क) | सचिव, मन्त्रालय | संयोजक |
| ख) | सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वा निजले तोकेको कम्तिमा नवौं तहको कर्मचारी | सदस्य |
| ग) | सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय वा निजले तोकेको कम्तिमा नवौं तहको कर्मचारी | सदस्य |
| घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तिमा नवौं तहको कर्मचारी | सदस्य |
| ङ) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा निजले तोकेको उद्योग हेर्ने कम्तिमा नवौं तहको कर्मचारी- | सदस्य |
| च) | उपसचिव वा सो सरहको कर्मचारी, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| छ) | अधिकृत प्रतिनिधि, नेपाल राष्ट्र बैंक | सदस्य |
| ज) | प्रतिनिधि, मन्त्रालयले तोकेको सहकारी संघ/संस्था | सदस्य |



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा

झ) महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय — सदस्य-सचिव

(२) दफा १० उपदफा (१) बमेजिमको समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ।

(क) बैंक तथा सहकारी संस्थाहरुसँग समन्वय गरी ब्याज अनुदान प्रवाहमा सहजीकरण गर्ने ।

(ख) राहत/अनुदान कार्यक्रम सम्बन्धि प्राविधिक तथा प्रकृयागत कार्यमा सहजीकरण गर्ने ।

(ग) समग्र कार्यक्रम/प्रकृयाको अनुगमन, निरिक्षण गर्ने तथा नितीगत सुझाव पेश गर्ने ।

(३) समग्र कार्यक्रम/प्रकृयाको अनुगमन, निरिक्षण तथा कार्यक्रम सहजीकरणका लागी मन्त्रालयस्तरमा निम्न बमोजिमको कार्यान्वयन तथा अनुगमन समिति रहनेछ।

| | | |
|---|---|---|
| क) | मन्त्रालयको सचिवले तोकेको कम्तीमा दशौं तहको कर्मचारी | संयोजक |
| ख) | प्रमुख वा निजले तोकेको कम्तीमा सातौं तहको कर्मचारी, कृषि विकास निर्देशनालय | सदस्य |
| ग) | निर्देशक वा निजले तोकेको कम्तीमा सातौं तहको कर्मचारी, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| घ) | प्रतिनिधि, जिल्ला सहकारी संघ/संस्था | सदस्य |
| ङ) | महाशाखा प्रमुख वा निजले तोकेको कम्तीमा सातौं तहको कर्मचारी, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय - | सदस्य-सचिव |

(४) उपदफा ३ बमेजिम गठित समितिको काम, कर्तव्य, अधिकार देहाय बमाजिम हुनेछ ।

(क) कार्यक्रम तथा बजेट तर्जुमामा मन्त्रालयलाई सहयोग गर्ने ।

(ख) कृषकस्तरमा सूचना प्रवाह गर्ने गराउने ।

(ग) समग्र कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषण गर्ने ।

(घ) राहत/अनुदान कार्यक्रम सम्बन्धि प्राविधिक तथा प्रकृयागत कार्यमा सहजीकरण गर्ने ।

(ङ) राहत/अनुदान कार्यक्रमको प्राविधीक मापदण्ड लगायतका नीतिगत सुझावहरु मन्त्रालय मार्फत उच्चस्तरीय समितीमा पेश गर्ने ।

११. कारवाही : राहत/अनुदान रकमको दुरुपयोग वा हिनामिना भएको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१२. स्पष्ट पार्ने तथा बाधा अड्काउ फुकाउः (१) यस निर्देशिकामा उल्लेख भएका आर्थिक पक्ष बाहेकका सूचनाको नमूना, प्रगती प्रतिवेदनको ढाँचा, लाभग्राही छनौट लगायत अन्य प्राविधिक मापदण्ड तथा तत्सम्वन्धि फारमहरु मन्त्रालयले स्विकृत गर्नेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा प्राविधीक वा प्रकृयागत विषयमा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार उच्च स्तरिय समितीमा रहनेछ ।

(३) यस निर्देशिकालाई मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषदले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।



प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, जनकपुरधाम, धनुषा